मितिः २०७२ मंसीर १४

श्रीमान अध्यक्षज्यू,
पदाधिकारीज्यू एवं सदस्यज्यूहरु

विषयः **प्रारम्भिक प्रतिवेदन बुझाएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७२ कार्त्तिक २२ गते बसेको सम्मानीत कार्यसमितिको तेस्रो पूर्ण बैठकले मेरो संयोजकत्वमा कर्मचारी पुर्नसंरचना, नयाँ तलबमान एबं पूर्ववत कार्यसमितिले गरेको निर्णय र निर्णय पुस्तीका छानविन गरी सुझाव पेश गर्न ५ सदस्यीय छानविन समिति गठन गरिएको व्यहोरा यहाँलाई विदित नै छ । छानविन समितिले विभिन्न चरणमा संघको सचिवालयमा अध्ययन एवं वैठकबसी सो सम्बन्धमा संलग्न प्रारम्भिक प्रतिवेदन पेश गरेकाछौं । वृस्तित विवरण र अन्तिम निस्कर्स सहितको निर्णय पेश गर्न श्रोत व्यक्तिहरुसँग छलफल, माइन्यूट सर्कुलर र साधारण सदस्यहरुको धारणा, यस विषयमा पूर्व कार्यसमितिसँग बैठक, लेखापरीक्षक र कानूनी सल्लाहकारको सल्लाह लिनु पर्ने भएकोले कार्यसमितिको आगामी बैठकसम्म कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गर्न समेत सम्मानित कार्यसमितिलाई अनुरोध गर्दछौं ।

कर्ण बहादुर लामा – संयोजक
मुक्ति पाण्डे - सदस्य
लिलाबल्दब दाहाल - सदस्य
कृष्णमान श्रेष्ठ - सदस्य
तारानाथ लामिछाने - सदस्य

संलग्न : प्रारम्भिक प्रतिवेदनको प्रति........... १

# प्रारम्भिक प्रतिवेदन

मिति २०७२ कार्त्तिक २२ गते बसेको कार्यसमितिको तेस्रो पूर्ण बैठकले **"कर्मचारीहरुको पुनरसंरचना र नयाँ तलबमान निर्धारण गर्न GRS consultancy ले** बुझाएको प्रतिवेदन र पूर्ववत कार्यसमितिले गरेको निर्णय र निर्णय पुस्तिकाको छानविन गर्न गठन गरेको ५ सदस्यीय **"छानविन समितिले"** विभिन्न चरणमा यस संघको विधान, कर्मचारी प्रशासन विनियम, आर्थिक विनियम र सर्वाजनिक खरिद ऐन लाई आधार मानि प्राप्त प्रतिवेदन उपर विस्तृत छानविन तथा अधययन अनुसन्धान गर्दा तपसिल बमोजिम तथ्य प्राप्त गरेको छ ।

## तपसिल

१) **मिति २०७१ असोज ८ गते,** सम्मानित कार्यसमितिबाट यस सचिवालयको कर्मचारीहरुको Organization Structure स्पष्ट नभएकोले व्यवस्थीत गर्ने मनसायले Management Consultancy नियुक्त गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको पाईयो ।

२) **मिति २०७१ पौष २३ गते,** सम्मानित कार्य समितिको बैठकले GRS consultancy लाई ६ महिना भित्र कार्यसम्पादन गर्ने गरी **रु. ५,००,०००।–** पाँच लाख **Consultancy Fee** दिने निर्णय गरिएको पाईयो ।

३) **मिति २०७१ पौष २८ गते** अर्थात १२ जनवरी २०१५ मा GRS consultancy सँग सो कार्य गर्नको लागि Agreement गरिएको पाईयो ।

४) **मिति २०७२ असोज महिनाको तेस्रो साता**मा **GRS consultancy** ले अन्तीम Report सचिवलयमा दिएको पाईयो ।

प्रारम्भमा माथि उल्लेखीत ४ वटा बुँदामा विस्तृत छानविन तथा अध्ययन अनुसन्धान गर्दा यस समितिले निम्न निष्कर्श निकालेको छ ।

## निष्कर्श

१. Management Consultancy नियुक्त गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने सम्मानित कार्यसमिति को निर्णय बमोजीम सर्व प्रथम राष्ट्रिय दैनिक पत्रिकामा सर्वजनिक सूचना प्रकाशन गर्नु पर्नेमा सूचना प्रकाशित गरेको प्रमाण भेटिएन ।

सूचना प्रकाशित गरिएको भनिएता पनि सो को प्रमाण र पत्रिकालाई विज्ञापन गरे वापत बुझाउन पर्ने शुल्क बुझाएको भौचर लेखाशाखबाट उपलब्ध नभएको ले आवश्यक प्रक्रिया अगाडि नबढाएको निष्कर्श यस समितिले निकालेको छ ।

२. **मिति २०७१ पौष २३ गते**, सम्मानित कार्य समितिको बैठकले GRS Consultancy लाई **यस संघ र GRS Consultancy बीच सम्झौता हुनु अगाडि नै रु. ५,००,०००।– पाँच लाख Consultancy Fee दिने निर्णय गरिएको** हुनाले सो निर्णय यस संघको आर्थिक विनियम र सर्वाजनिक खरिद ऐन विपरीत भएकोले बदर तथा अमान्य हुने निष्कर्श यस समितिले निकालेको छ ।

३.यस संघको आर्थिक नियमावली एवं सार्वजनिक खरिद ऐन अनुसार कम्तीमा ३ वटा Consultancy बाट सिलबन्दी Quotation लिई उक्त सिलबन्दी Quotation लाई कार्यसमितिमा खोलि Consultancy को छनौट गरे पश्चात मात्र सम्झौता गरिनु पर्नेमा कार्यसमितिको कुनै पनि बैठकमा Consultancy छनौट गरिएको निर्णय नभेटीएकोले GRS Consultancy सँग मिति २०७१ पौष २८ गते अर्थात १२ जनवरी २०१५ मा भएको Agreement (सम्झौता) अबैधानिक भएको निष्कर्श यस समितिले निकालेको छ ।

**स्मरणका लागि** यस संघको आर्थिक विनियमको परिच्छेद ४ को दफा ४.३ को ग मा रु. १०,००० भन्दा माथिको हकमा कार्यकारीणि समितिको निर्णय बमोजिम हुने छ भनि स्प्ट लेखीएको छ ।

४.यस संघको आर्थिक विनियम र सर्वाजनिक खरिद ऐन विपरीत आवश्यक प्रकृया र छनौट विधि नअपनाइ अवैधानिक ढंगले नियुत्त गरिएको GRS Consultancy ले बुझाएको रिपोर्ट तथा निजले गरेको सम्पूर्ण कार्य स्वोत अबैधानिक हुने निष्कर्श यस समितिले निकालेको छ ।

यद्यपि २०७२ असोज महिनाको तेस्रो सातामा GRS consultancy ले आफ्नो अन्तीम Report यस सचिवलयमा बुझाएको र २०७२ श्रावण १२ गतेको कार्यसमितिको बैठकले उक्त Report को आधारमा दिईने नयाँ तलब एव सुविभा असोज देखि कार्यान्वयन गर्ने निर्णय गरेको हुनाले यस समितिको गम्भीर ध्यानाकर्षण भएकोछ ।

असोज महिनाको तेस्रो सातामा बुझाएको रिपोर्टको श्रावण महिनामा नै निर्णय गरिनु बदनियत पुर्ण ढंगले हतार हतारमा श्रावण पश्चात भदौ र पछि असोज महिना आउछ भन्ने हेक्कै नराखी गरेको देखिन्छ ।

यसै विषयमा पूर्व कार्यसमितिका सदस्यहरुलाई सोधपुछ गर्दा र कर्मचारीहरुको गुनासोको निवेदनको मिति हेर्दा श्रावण महिनामा कार्यसमितिको बैठकमा यस सम्बन्धी कुनै निर्णय नै नभएको पाइयो । असोज महिनाको तेस्रो सातामा बुझाएको रिपोर्टको श्रावण महिनामा निर्णय हुने सम्भावना पनि रहदैन तसर्थ कार्यसमितिको निर्णय पुस्तिकामा गलत मनसायले निर्णय थप गरी टाँस गरिएको देखिन्छ । निर्णय पुस्तिकाको सुक्ष्म चेक जाँच गर्दा समेत सो को प्रमाणीत हुन आउँदछ ।

यस समितिले GRS Consultancy ले बुझाएको रिपोर्ट तथा निजले गरेको सम्पूर्ण कार्य स्वोत अबैधानिक हुने ठहर गर्दा गर्दै पनि सम्मानित कार्य समितिको जानकारीको लागी उक्त रिपोर्टमा भएको त्रुटी यहाँ बुँदागत प्रस्तुत गरेकाछौ ।

क) मिति २०७२ श्रावण १२ GRS consultancy ले कर्मचारीहरुको पद खुलाई Job Description समेत उल्लेख गरी कार्यान्वयनको लागि बुझाइएको Job Description र असोज महिनाको अन्तिम साता बुझाएको रिपोर्टमा केही पदहरुमा एकरुपता नभएकोले कर्मचारी बीच Conflict र व्यापक गुनासाहरु उब्जीएका छन् । यसरी भिन्न भिन्नै प्रकारको दुई फरक रिपोर्ट कार्यान्वयन गर्न सचिवालयलाई जटिलता भएकोछ ।

ख) संघको कर्मचारी प्रशासन विनियमको परिच्छेद २ को दफा २.१, २.२, २.३ मा दरबन्दी, श्रेणी विभाजन र पदपूर्ती सम्बन्धि व्यवस्था बारे प्रस्ट उल्लेख गरिएको छ । त्यसो हुँदा हुँदै पनि **GRS consultancy** ले संघको विनियमलाई नटेकी पुनरसंरचना गरेको पाइयो जुन नियम संम्बदछैन ।

ग) संघको कर्मचारीको तलब तोक्ने अधिकार कार्यसमितिलाई मात्र हुन्छ । तर **GRS consultancy** ले संघको कर्मचारीहरुको तलब तोकेको छ यो अधिकार कहाँबाट पायो ? साथै तलब नेपाल सरकार निजामती कर्मचारी ऐन तथा श्रम ऐन अनुसार कार्यसमितिले तोके अनुरुप हुने भनि प्रस्ट हुँदा हुँदै पनि नयाँ तलबमान नियम विपरीत हचुवाको भरमा तय गरेको देखिन्छ । जस्तैः पुरानो तलब हेर्दा कुनै कर्मचारीको १५,०००।–ले तलब बढाइएको, कुनै कर्मचारीको १२,०००।– त कसैको रु.३०० ले बुद्धि गरेको पाइयो । यस्तो विवेद किन गरियो ? नियमावलीलाई किन वेवास्ता गरिएको हो ?साथै ग्रेडिङको पनि नयाँ व्यवस्था गरिएको पाइयो । यो केलाई आधार मानेर बनाइएको हो त्यो पनि प्रस्ट नभएको पाइयो ।

घ) **GRS consultancy** ले जुनियर अफिसरको तलब र साधारण लेखपढ गरेको सुपरभाइजरको तलब समान तोकेको पाइयो ।

ङ) ७८ बर्ष काम गरिसकेका कर्मचारीहरुको तलब एवं सुविधा र १ वर्ष अधि नियुक्त गरिएका कर्मचारीहरुको तलब सुविधा समान तोकेको पाइयो ।

च) कर्मचारीको पनुरसंरचना एवं नयाँ तलब जस्तो महत्वपूर्ण एवं संवेदनसील विषयलाई कार्यसमितिको बैठकमा मुख्या एजेन्डामा राखी **consultancy** ले दिएको रिपोर्टलाई प्रारम्भीक रिपोर्ट, मस्यौदा रिपोर्ट र अन्तीमा रिपोट गरेर विभिन्न चरणमा प्रथमिकताकासाथ चरणबद्ध तरिकाले निर्णय गरिनु पर्ने र सबै पदाधिकारी एवं सदस्यहरुको पनि राय सुझाव लिनु पर्ने हो । तर **GRS** ले दिएको रिपोर्टलाई कार्यसमितिको कुनै बैठकमा चरणवद्ध तरिकाले पेश गरिएको पाइएन । एकैचोटी अन्तीम रिपोट पेश गरिएको पाइयो । र त्यसैलाई नै कार्यसमितिले पारीत गरेको देखाइएकोछ ।

छ) नयाँ तलबमान एवं नयाँ पदको निर्णय बारे कार्यसमितिले श्रावणमा निर्णय गरेको छ तर लागू भने असोजबाट हुने भनि लेखीएको पाईयो । नेपाल सरकार, अन्य संघ संस्थाहरु, बैकं तथा वितिय संस्थाहरुले कुनै पनि निर्णयलाई लागू गराउँदा नयाँ आ.व. बाट हुने गरी गर्ने गर्दछ । यो चलन विद्यमान चलन हो । श्रावण महिनामा गरीएको यो निर्णयलाई श्रावणदेखि अर्थात नयाँ आ.व. देखि नै लागू राउँदा उपयुक्त थियो । श्राणमा निणर्य गर्ने तर २ महिना पछि असोजबाट लागू गरीने भनि लेख्नु यो संकास्पद नै देखिन्छ । यदपि असोजबाट नै नयाँ व्यवस्था लागू गराउने वाध्यता कार्यसमितिलाई भएको भए पनि कर्मचारीहरुले असोज महिनामा नयाँ बढेको तलब अनुसारको नयाँ तलब र अन्य सेवा सुविधा र बृद्धि गरिए अनुरुपको दशै बोनस कुनै कर्मचारीले प्राप्त नगरेको पाइयो । श्रावणमा गरेको यो निर्णय असोजबाट लागू गरीने भनि २ महीना वित्दा पनि लेखाशाखामा जानकारी नै थिएन वा किन लेखाशाखाले नयाँ व्यबस्थालाई नटेरेकोहो । वा यो निर्णय नै अन्य महिनामा भएको हो । यो आफैमा संखास्पद छ ।

**प्रारम्भीक अनुसन्धान अनुसार पूर्व कार्यसमितिको निर्णय पुस्तीका अध्ययन गर्दा निम्न कुराहरु देखियो:**

१. अधिकांश बैठकहरुमा कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुको उपस्थितिमा हस्ताक्षर गराइएको तर निर्णय पश्चात हस्ताक्षर गराइएको पाइएन ।

२. बजेट विनियोजन खर्च र अन्य महत्वपूर्ण निर्णयहरुलाई मुख्य एजेन्डामा नराखी विविध शिर्षकमा राखी निर्णय गरेको पाइयो ।

३. धादिङ र गोरखाको अधिकांश योजना वा रकम निकासाको लागि टान वा टिम्स कोषबाट दिने भनि निर्णय गरि रकम भुक्तानि गरिएको र अन्य शिर्षक र क्षेत्रको लागि भने नेपाल पर्यटन बोर्ड र टानको संयुक्त टिम्सकोकोषबाट खर्च गरिनेछ भनि जिम्मेवारी र दायित्वबाट पन्छिन खोजिएको देखिन्छ ।

४) कुनै कुनै निर्णहरुलाई नयाँ कार्यसमितिले स्विकार गर्न नसक्ने गरि निर्णय गरेको पाइयो । जस्तो : निर्वाचन पश्चात आफैले नयाँ कर्मचारीको नियुक्ति, जिम्मेवारी बहन गर्ने जस्ता वदनियतपूर्ण निर्णयहरु पाइयो ।

५) सहकार्यमा बाहेक कुनैपनि खालका आर्थिक सहयोगको रकमको अधिकतम राशी रु.५००० निर्धारण गरिएको संघको विधानमा प्रस्ट हुँदा हुँदै पनि विधान विपरित मोटो रकम चन्दा दिइएको पाइयो ।

६) काारमा नियुक्त गरिएका कर्मचारीहरुको करार अवधि समाप्त भए पश्चात प्रकृयामा नगईकनै करार अवधि दप गरिएको पाइएकोछ । कुनै पनि कर्मचारीहरुको करार अवधि समाप्त भएमा प्रक्रिया अनुरुप राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशन गरिनु पर्ने हुन्छ तर प्रक्रियामा नै नगई करार अवधी थप गरिएकोछ । साथै कर्मचारी प्रशासन विनियमको दफा २.१२ को २ मा करारमा नियुक्त हुनेको सेवा शर्त तथा पारिश्रमिक र सुविधा पदपूर्ति समितिको सिफारीसमा कार्यसमितिले तोके बमोजि हुनेछ भन्ने लेखीएको भएता पनि कुनै पनि करारका कर्मचारीहरुको पदपूर्तिको लागि पदपूर्ति समितिको गठन गरिएको पाइएन ।

७) कर्मचारी विनियमको दफा ३.४ को क) मा अस्थायी र करारमा नियुक्त गरेका कर्मचारीहरुलाई संचयकोषको व्यवस्था गरिएको छैन । तर सबै करारका कर्मचारीहरुलाई संचय कोषको व्यवस्था गरिएको पाइयो यसको जवाफ लेखाशाखा तथा लेखापरिक्षकसँग माग्नु पर्ने देखिन्छ । लेखाशाखा र लेखापरिक्षकले संघको कर्मचारी विनियममा करारका कर्मचारीलाई यो सुविधा नभएको जानकारी नगराई मौन बसेको देखिन्छ ।

८) आर्थिक पक्ष, प्रशासनिक पक्ष एवं अन्य कुराहरु कार्यसमितिले प्रत्येक कार्यसमितिको बैठकमा निर्णय गराई पारदर्शि तवरले सबै साधारण सदस्य माफ्र परिपत्र गरिनु पर्ने हुन्छ । तर कार्यसमितिको १९ औं बैठक पश्चात साधारण सदस्यहरुलाई कुनै निर्णय बारे नियमीत रुपमा परिपत्र गरिएको पाइएन ।

पुनश्चः यस विषयमा साधारण सदस्यज्यूहरुबाट गुनासो पनि प्राप्त भएको हुँदा क्रमगत रुपमा पुरानो निर्णयहरुलाई scan गरी साधारण सदस्यज्यूहरुलाई परिपत्र गर्ने निर्णय गरिएको छ ।